# बागमती प्रदेश
# आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली
# सञ्चालन दिग्दर्शन, २०८०


बागमती प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

**हेटौंडा, नेपाल**

२०८०



केशवराज सुवेदी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

# बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन, २०८०

[प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २५ बमोजिम आयोगको मिति २०८०/०६/२२ को पूर्ण बैठकबाट स्वीकृत र मिति २०८२/०१/०३ को पूर्ण बैठकबाट संशोधित]

**बागमती प्रदेश सरकार**

**प्रदेश नीति तथा योजना आयोग**

**हेटौंडा, नेपाल**

२०८०

केशवराज सुवेदी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

# विषय सूची

**परिच्छेद १: परिचय** ........................................ **१**

१.१ पृष्ठभूमि ........................................ १

१.२ आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको परिचय ........................................ १

१.३ आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको उद्देश्य ........................................ २

१.४ आवश्यकता र औचित्य ........................................ २

१.५ आयोजना बैंकको अन्तरसम्बन्ध ........................................ २

१.६ आयोजना र कार्यक्रमहरूको मूल्याङ्कन र प्राथमिकीकरण ........................................ ३

**परिच्छेद २: जिम्मेवार निकाय र कार्यविभाजन** ........................................ **३**

२.१ जिम्मेवार निकायहरू ........................................ ३

२.२ प्रदेश नीति तथा योजना आयोगको जिम्मेवारी ........................................ ३

२.३ प्रदेश सरकारका मन्त्रालय र निकायको जिम्मेवारी ........................................ ४

२.४ आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी ........................................ ४

२.५ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारी ........................................ ५

**परिच्छेद ३: विविध** ........................................ **५**

३.१ आयोजना बैंकमा प्रविष्ट गर्नु पर्ने आयोजना र कार्यक्रमहरू ........................................ ५

३.२ आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा ........................................ ६

३.३ आयोजना बैंकमा सामान्य पहुँच ........................................ ६

३.४ सहयोगी सामग्रीहरू ........................................ ६

केशवराज सुवेदी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

# बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन, २०८०

## परिच्छेद १: परिचय

### १.१ पृष्ठभूमि

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६(क)(४) मा लाभ लागत लगायतका विविध विश्लेषणका आधारमा आयोजना बैंक निर्माण गर्ने, गराउने भन्ने व्यवस्था उल्लेख गरिएको छ। सार्वजनिक निजी सहकारी साझेदारी ऐन, २०७६ को दफा ८ (७) मा सार्वजनिक निजी सहकारी साझेदारी समितिले तयार गरेको आयोजनाहरूको सूचीलाई प्रदेश सरकारको आयोजना बैंकमा समावेश गर्नुपर्ने छ भन्ने उल्लेख गरिएको छ। वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ को दफा १५ को उपदफा (१) मा प्रदेश सरकारको आयोजना तर्जुमा र छनौट प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन प्रदेश सरकारले एक आयोजना बैंक स्थापना गर्नेछ भन्ने उल्लेख गरिएको छ भने सोही कार्यविधिको उपदफा (२) मा आयोजना बैंकको सञ्चालन उक्त कार्यविधि र आयोजना बैंक सञ्चालन दिग्दर्शनमा उल्लेख भए बमोजिम हुनेछ भन्ने उल्लेख गरिएको छ। यसैगरी मिति २०७८/०८/२३ मा बसेको प्रदेश विकास समस्या समाधान समितिको बैठकले बागमती प्रदेशमा आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली तत्काल कार्यान्वयनमा ल्याउने भनी निर्णयसमेत गरिसकेको छ। यसका अतिरिक्त आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रमको बुँदा नं. १५१ मा आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ भन्ने उल्लेख गरिएको छ। यी व्यवस्थाहरूलाई ध्यानमा राखी प्रदेश नीति तथा योजना आयोगले राष्ट्रिय योजना आयोगको सहयोगमा बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (Bagamati Province Project Bank Management Information System-BPPBMIS) को विकास र परीक्षण गरी प्रदेश सरकारका सबै मन्त्रालयका सम्बन्धित कर्मचारीहरूलाई तालिमसमेत प्रदान गरिसकेको छ। उक्त सूचना प्रणालीको कार्यान्वयनको सम्बन्धमा आवश्यक मार्गदर्शन प्रदान गर्नका लागि यो दिग्दर्शन तयार गरिएको हो।

### १.२ आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको परिचय

राष्ट्रिय योजना आयोगले विकास गरेको राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (National Project Bank Management Information System-NPBMIS)लाई नै बागमती प्रदेशको आवश्यकताअनुसार सामान्य परिमार्जन (Customization) गरी बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको विकास गरिएको हो। राष्ट्रिय आयोजना बैंक र स्थानीय तहको आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाईसमेत एकीकृत सूचना प्रणालीमा जोड्न सकिने गरी यसको विकास गरिएको छ। यसले पूर्वाधार र सामाजिक विकासका सबै प्रकारका आयोजना र कार्यक्रमहरूको विद्युतीय प्रणालीबाटै मूल्याङ्कन र प्राथमिकीकरण गरी पूर्व-तयारी गर्नु पर्ने र पूर्व-तयारी पूरा भई कार्यान्वयनको लागि तयारी अवस्थामा रहेका आयोजनाहरूको एकीकृत सूची प्रदेश सरकारलाई उपलब्ध गराउँदछ।

केशवराज सुवेदी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

## १.३ आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको उद्देश्य

बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (यसपछि "आयोजना बैंक" मात्र भनिएको) को मूख्य उद्देश्य आयोजना र कार्यक्रमहरूको पहिचान, मूल्याङ्कन, प्राथमिकीकरण र छनौटमा सुशासन र मानक कायम गर्नु रहेको छ। यसमा आयोजना वा कार्यक्रमको पहिचानदेखि त्यसको कार्यान्वयनपूर्वको अवस्थासम्म गरिने कार्यहरू समेटिएको हुन्छ । यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्-

क. प्रदेश सकारको योजना तर्जुमा र छनौट प्रणालीलाई सरल, व्यवस्थित, एकीकृत र तथ्यपरक बनाउनु,

ख. सङ्घ, प्रदेश र स्थानीय तहको आवधिक योजना, दिगो विकास लक्ष्य, संवैधानिक प्राथमिकता, मानव विकास सूचकाङ्क, प्रदेश सकारको प्राथमिकता, लक्षित समुदायले प्राप्त गर्ने लाभ र तोकिएको मापदण्डको आधारमा आयोजना र कार्यक्रमहरूको कम्प्युटर प्रणालीबाटै मूल्याङ्कन र प्राथमिकीकरण गर्नु,

ग. प्रदेश सरकारलाई आवश्यक पर्ने कुनै, केही वा सबै प्रकारको आयोजना र कार्यक्रमहरूको संक्षिप्त र सम्पूर्ण जानकारी अनलाइन मार्फत जुनसुकै समय र स्थानमा तत्काल उपलब्ध गराउनु,

घ. आयोजना र कार्यक्रमहरूलाई जिल्ला र स्थानीय तह अनुसार नक्सामा हेर्न सकिने बनाउनु, र

ङ. नीति निर्माता र योजना छनौटकर्तालाई तथ्यपरक सूचना र सूची उपलब्ध गराउनु ।

## १.४ आवश्यकता र औचित्य

हालसम्म अभ्यास गरिदै आएको परम्परागत योजना तर्जुमा र छनौट प्रणालीले नीति निर्मातालाई व्यवस्थित र तथ्यपरक सूचना प्रदान गर्न नसक्ने हुनाले नीति निर्माताको तजविज, सामान्य ज्ञान, प्रभावशाली व्यक्ति र निकायको दबाब र प्रभावबाट बढी प्रभावित हुने गरेको तथ्य सर्व विदितै छ। २०७८ को जनगणनाअनुसार बागमती प्रदेशको १३ मध्ये ६ ओटा जिल्ला र ११९ स्थानीय तहमध्ये ७३ ओटा स्थानीय तहको जनसङ्ख्या वृद्धिदर नकारात्मक रहेको छ भने २२ ओटा स्थानीय तहको जनसङ्ख्या वृद्धि २० देखि १२१ प्रतिशतसम्म रहेको छ। यस तथ्यले विकासमा भएको असन्तुलनले बसाइसराइलाई असन्तुलित बनाउँदै लगेको हुँदा जनसङ्ख्या व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको पुष्टि गर्दछ। तसर्थ, अब विकासलाई सन्तुलित बनाइनुको विकल्प छैन तर विद्यमान योजना तर्जुमा र छनौट प्रणालीले विकासलाई सन्तुलित बनाउन कठिन देखिन्छ। विकासलाई सन्तुलित बनाउन योजना तर्जुमा र छनौट प्रणालीलाई दबाब र प्रभावबाट मुक्त गराई आवश्यकता र औचित्यमा आधारित बनाउन आवश्यक छ। आयोजना बैंकले योजना तर्जुमा र छनौट प्रणालीलाई दबाब र प्रभावबाट मुक्त गराई तथ्यगत रूपमा आवश्यकता र औचित्यमा आधारित बनाउन मद्दत गर्दछ।

## १.५ आयोजना बैंकको अन्तरसम्बन्ध

बागमती प्रदेशको आयोजना बैंक र राष्ट्रिय आयोजना बैंकबिच तोकिएका सूचनाको आदान प्रदान हुन सक्दछ। यसलाई स्थानीय तहको आयोजना बैंकसँग पनि जोड्न सकिन्छ। यसलाई सरकारले प्रयोग गरिरहेको समपुरक

केशवराज सुवेदी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

र विशेष अनुदानका आयोजनाको सूचना प्रणाली, मध्यमकालीन खर्च संरचनाको सूचना प्रणाली र मन्त्रालयगत बजेट सूचना प्रणालीलाई आवश्यकता अनुसार जोड्न सक्ने गरी डिजाइन गरिएको छ। यसको मतलव आयोजना बैंकमा प्रविष्ट भएको आयोजना र कार्यक्रमलाई अन्यत्र कतै प्रविष्ट नगरीकन समपूरक र विशेष अनुदानको आयोजनाहरूको सूचीमा, मध्यमकालीन खर्च संरचनामा र मन्त्रालयगत बजेट सूचना प्रणालीमा सिधै जोड्न सकिने आधार प्रदान गर्दछ। त्यसैगरी, कार्यान्वयनमा गएका आयोजनाहरूको विवरण अनुगमन तथा मूल्याङ्कन गरिने आयोजनाको सूची अनुगमन तथा मूल्याङ्कन सूचना प्रणालीमा सिधै पठाउन पनि सकिन्छ। यसरी आयोजना बैंकले आयोजना र कार्यक्रमहरूसँग सम्बन्धित सबै सूचना प्रणालीहरूका लागि आधार प्रणालीको रूपमा काम गर्न सक्दछ। यसैगरी, यसले सङ्घ र स्थानीय तहको आयोजना बैंकहरूलाई पनि जोड्ने गर्दछ।

### १.६ आयोजना र कार्यक्रमहरूको मूल्याङ्कन र प्राथमिकीकरण

आयोजना बैंकमा समावेश गरिएका आयोजना र कार्यक्रमहरूको मूल्याङ्कन र प्राथमिकीकरण वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ बमोजिम हुने व्यवस्था रहेको छ।

## परिच्छेद २: जिम्मेवार निकाय र कार्यविभाजन

### २.१ जिम्मेवार निकायहरू

बागमती प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सञ्चालनको लागि प्रमुख जिम्मेवार निकायहरू देहाय बमोजिम हुनेछन्-

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(ख) प्रदेश सकारका मन्त्रालय र निकायहरू, र
(ग) प्रदेश नीति तथा योजना आयोग।

### २.२ प्रदेश नीति तथा योजना आयोगको जिम्मेवारी

आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रदेश नीति तथा योजना आयोगको सुपर एडमिन सहितको सम्पूर्ण पहुँच हुनेछ। यसका लागि आयोगको जिम्मेवारीहरू देहाय बमोजिम हुनेछन्-

(क) आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको विकास, परिमार्जन र सुरक्षा गर्ने,
(ख) मन्त्रालय र निकायको मुख्य प्रयोगकर्ता (Admin User) को लागि युजर नेम र पासवर्ड प्रदान गर्ने,
(ग) आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षासम्बन्धी मार्गदर्शन प्रदान गर्ने,
(घ) मन्त्रालय र निकायहरूले प्रविष्ट गरेका आयोजना र कार्यक्रमहरूको रूजु (Verify) गरी आवश्यक भए सुधारका लागि सुझाव र मार्गदर्शन प्रदान गर्ने,
(ङ) मन्त्रालय र निकायका सम्बन्धित कर्मचारीहरूको क्षमता विकास गर्ने,

केशवराज सुवेदी
प्रदेश सचिव

(च) आयोजना बैंक सञ्चालनसम्बन्धी अवशिष्ट कार्यहरू गर्ने।

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

## २.३ प्रदेश सरकारका मन्त्रालय र निकायको जिम्मेवारी

आयोजना बैंकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालय बाहेकका मन्त्रालय र निकायको पहुँच आफ्नो मन्त्रालय वा निकाय मातहतका सूचनामा हुनेछ। यसका लागि मन्त्रालय र निकायको जिम्मेवारीहरू देहाय बमोजिम हुनेछन्-

(क) आवधिक योजना, मन्त्रालय वा निकायले तयार गरेको विषय क्षेत्रगत नीति र रणनीति, गुरुयोजना र मन्त्रालय वा निकायको कार्यविवरणलाई ध्यानमा राखी आयोजना र कार्यक्रमहरू पहिचान गरी आयोजना बैंकमा राख्ने,

(ख) आयोजना बैंकसम्बन्धी कार्य गर्ने योजना महाशाखा वा शाखाको १ जना र सूचना प्रविधिसम्बन्धी जानकारी भएको १ जना गरी २ जना कर्मचारीलाई जिम्मेवारी तोक्ने,

(ग) मन्त्रालय वा निकायको मुख्य प्रयोगकर्ताले आवश्यकता अनुसार थप प्रयोगकर्ताको लागि युजरनेम र पासवर्ड प्रदान गर्ने,

(घ) मन्त्रालयको सचिव वा निजले तोकेको वरिष्ठ अधिकारीले आयोजना बैंकमा प्रविष्ट गरेको विवरणलाई रूजु गरी डिजिटल रूपमा स्वीकृत गर्ने,

(ङ) मन्त्रालय र निकायले प्रविष्ट गरी रूजु गरेका आयोजना र कार्यक्रमहरूलाई प्रदेश नीति तथा योजना आयोगमा अध्ययनका लागि डिजिटल रूपमा पेस (Submit) गर्ने,

(च) प्रदेश नीति तथा योजना आयोगबाट कुनै सुझाव प्राप्त भएमा सोबमोजिम विवरणहरू अध्यावधिक गर्ने,

(छ) मन्त्रालय र निकायले प्रविष्टि गरेका आयोजना र कार्यक्रमहरूको आवश्यकताअनुसार संक्षिप्त र विस्तृत डिजिटल प्रतिवेदनहरू तयार गर्ने र आवश्यकताअनुसार सम्बन्धित निकायमा पेस गर्ने।

(ज) मन्त्रालय वा निकायगत वार्षिक नीति तथा कार्यक्रम, बजेट, मध्यमकालीन खर्च संरचना र अन्य नीतिहरू तर्जुमा गर्दा आयोजना बैंकलाई आधार मान्ने,

(झ) आयोजना बैंकमा भएका आयोजनाहरू र कार्यक्रमहरू छनौट गरी कार्यान्वयन गर्ने,

(ञ) आयोजना बैंक सञ्चालन सम्बन्धमा कुनै सहयोग आवश्यक भए प्रदेश नीति तथा योजना आयोगको सहयोग लिने।

(ट) आवश्यकताअनुसार मन्त्रालय र निकायहरूलाई सुझाव दिने।

## २.४ आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी

आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजना बैंकमा सुपर एडमिनबाहेकको सम्पूर्ण पहुँच हुनेछ। यसका लागि मन्त्रालयको जिम्मेवारीहरू देहाय बमोजिम हुनेछन्-



केशवराज सुवेदी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

(क) बुँदा नं. २.३ मा उल्लिखित कार्यहरू गर्ने,

(ख) आयोजना बैंकमा भएका सबै मन्त्रालय र निकायले प्रविष्ट गरेका सबै विवरणहरू हेर्ने तथा आवश्यकता अनुसार संक्षिप्त वा विस्तृत प्रतिवेदन तयार गर्ने र आवश्यकताबमोजिम सम्बन्धित निकायमा पेस गर्ने,

(ग) बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आयोजना बैंकलाई ध्यानमा राख्ने,

(घ) आवश्यकताअनुसार मन्त्रालय र निकायहरूलाई सुझाव दिने,

(ङ) आवश्यकताअनुसार अन्य कार्यहरू गर्ने।

## २.५ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारी

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा सुपर एडमिनबाहेकको सम्पूर्ण पहुँच हुनेछ। यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारीहरू देहाय बमोजिम हुनेछन्-

(क) बुँदा नं. २.३ मा उल्लिखित कार्यहरू गर्ने,

(ख) आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा भएका सबै मन्त्रालय र निकायले प्रविष्ट गरेको सबै विवरणहरू हेर्ने तथा आवश्यकताअनुसार संक्षिप्त वा विस्तृत प्रतिवेदन तयार गरी प्रयोग गर्ने,

(ग) मन्त्रालय र निकायहरूलाई आवश्यक सुझाव र निर्देशनहरू प्रदान गर्ने,

(घ) वार्षिक नीति तथा कार्यक्रम र अन्य नीतिहरू तर्जुमा गर्न आयोजना बैंकलाई ध्यानमा राख्ने।

(ङ) आवश्यकताअनुसार अन्य कार्यहरू गर्ने।

# परिच्छेद ३ः विविध

## ३.१ आयोजना बैंकमा प्रविष्ट गर्नु पर्ने आयोजना र कार्यक्रमहरू

आयोजना बैंकमा देहायका आयोजनाहरू प्रविष्टी गर्नुपर्ने छ।

- आवधिक योजनामा उल्लेख भएका आयोजना र कार्यक्रमहरू,
- क्षेत्रगत गुरू योजनामा उल्लेख भएका आयोजना र कार्यक्रमहरू,
- बहुवर्षीय आयोजना र कार्यक्रमहरू,
- पूर्वाधार विकासका नयाँ आयोजनाको हकमा रू.५० लाख र सोभन्दा माथि लागत अनुमान भएका आयोजनाहरू, र
- पूर्वाधार विकास बाहेकका नयाँ कार्यक्रमहरूको हकमा रु.२५ लाख र सोभन्दा माथि लागत अनुमान भएका कार्यक्रमहरू।

केशवराज सुवेदी
प्रदेश सचिव

## ३.२ आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा

आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा गर्नु सबै मन्त्रालय र निकायको कर्तव्य हुनेछ। यसका लागि सुरक्षाका निम्न उपायहरू अवलम्बन गर्नुपर्नेछ-

(क) मन्त्रालय वा निकायले तोकेको व्यक्तिले बाहेक अन्य व्यक्तिले आयोजना बैंकमा प्रविष्ट र अध्यावधिक गर्ने कार्य नगर्ने नगराउने,

(ख) मोबाइल वा साइबर क्याफे आदिबाट आयोजना बैंकमा सूचना प्रविष्ट, सम्पादन, स्वीकृत, पेस लगायतका कार्यहरू नगर्ने नगराउने,

(ग) पासवर्ड समय समयमा परिवर्तन गर्ने गराउने,

(घ) आयोजना बैंक सञ्चालन गरिने कम्प्युटरको नियमित रूपमा सिस्टम अपडेट र भाइरस स्क्यान गर्ने गराउने,

(ङ) आयोजना बैंक सञ्चालन गरिने कम्प्युटरमा ह्याकिङ् टुलहरूको प्रयोग नगर्ने नगराउने,

(च) सूचना प्रणालीको प्रयोग गरेपछि हरेक पटक लग आउट गर्ने गराउने।

## ३.३ आयोजना बैंकमा सामान्य पहुँच

प्रदेश आयोजना बैंकमा भएकामध्ये आयोजना र कार्यक्रमहरूको सूचीमा विषय विज्ञ, अनुसन्धानकर्ता, सञ्चार जगत र इच्छुक सबै सर्वसाधारणालाई पहुँच दिनु पर्ने छ । यसका अतिरिक्त प्रदेश नीति तथा योजना आयोगले तोकेका थप सूचनाहरूमा राष्ट्रिय योजना आयोग, सङ्घीय मन्त्रालय र स्थानीय तहलाई पहुँच दिनु पर्ने छ।

## ३.४ सहयोगी सामग्रीहरू

आयोजना बैंक सञ्चालनका सम्बन्धमा यस दिग्दर्शनका अतिरिक्त निम्न सामग्रीहरूको सहयोग लिनु पर्नेछ-

(क) आयोजना बैंकको प्रयोगकर्ता पुस्तिका (User Manual)।

(ख) आयोजना बैंक सञ्चालन सम्बन्धी भिडियो ट्यूटोरियल।

(ग) प्रदेश नीति तथा योजना आयोगले उपलब्ध गराएको मार्ग निर्देशनहरू।

...............

केशवराज सुवेदी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

**हेटौंडा, नेपाल**

**फोनः ०५७-५२५१३१, ५२३६८९५, २४८५४**

**इमेलः** pradeshyojanahtd@gmail.com

**वेबसाइटः** pppc.bagamati.gov.np